# भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समाधानका उपायहरु पहिल्याउन गठित कार्यदलको प्रतिवेदन

२०७६

## कार्यदलको गठन


| | |
|---|---|
| बालकृष्ण पन्थी | पूर्व सह-सचिव, संयोजक |
| गणेश बहादुर के.सी. | विज्ञ |
| दीपक प्रसाद न्यौपाने | शाखा अधिकृत, सदस्य-सचिव |

# कृतज्ञता-ज्ञापन

गृह मन्त्रालयको मिति २०७६/०२/३० को (मा.मन्त्रीस्तरीय) निर्णयानुसार भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समाधानका उपायहरु पहिल्याई कार्यारम्भ गरेको दुई महिनाभित्र ६ वटा बुंदामा उल्लेखित कार्यादेश अनुरुपको वैकल्पिक उपायहरुको सम्बन्धमा सुझावहरु सहितको प्रतिवेदन पेश गर्ने गरी तीन सदस्यीय अध्ययन कार्यदल गठन भएको थियो ।

कार्यदेशमा उल्लेखित विवरणहरु संकलन गर्न कार्यदलले झापा र मोरङ्गमा रहेका भुटानी शरणार्थी शिविरको स्थलगत भ्रमण गरेको थियो । यस कार्यदललाई महत्वपूर्ण सल्लाह, सुझाव र सहयोग गर्नुहुने तत्कालीन जिल्ला प्रशासन कार्यालय झापाका प्र.जि.अ श्री जनकराज दाहाल लगायत ईलाका प्रशासन कार्यालय, झापा, दमकका कार्यालय प्रमुख श्री कृष्णप्रसाद आचार्य, दमक नगरपालिकाका उप मेयर गीता अधिकारी, दमक नगरपालिकाका वडा नं. ३ का वडा अध्यक्ष श्री नविन बराल लगायत लगत संकलन कार्यमा सहयोग गर्नु हुने RCU Officer श्री रेवन्त भट्टराई, शिविर सुपरिवेक्षक श्री टंकनाथ दुलाल विशेष धन्यवादका पात्र हुनुहुन्छ । शरणार्थीहरुको विवरणहरु संकलन कार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने UNHCR Sub Office दमकका प्रमुख Mr. Khaled Fansa, सहायक संरक्षण अधिकृत श्री माधव प्रसाद गौतम, बरिष्ठ तथ्यांक सहायक श्री विजय बस्तीको ठूलो सहयोग प्राप्त भएको हुँदा उहाँहरुप्रति कार्यदल आभार व्यक्त गर्दछ । लगत संकलन कार्यमा संलग्न दिन रात नभनी सहयोग पुऱ्याउनु हुने शरणार्थी व्यवस्थापन समिति पथरी शनिश्चरे मोरङ्गका सचिव श्री चम्पा सिं राई र शरणार्थी व्यवस्थापन समिति बेलडाँगी झापाका सचिव श्री कृष्णबहादुर सुब्बालाई पनि धन्यवाद दिन चाहन्छौ ।

कार्यदलको सदस्य सचिवमा नियुक्त हुनुभएका गृह मन्त्रालयका शाखा अधिकृत श्री दीपकप्रसाद न्यौपाने मन्त्रालयमै रहँदासम्म (दुई महिनाको अवधि) पूर्णरुपेण सक्रिय भई यो प्रतिवेदनलाई प्रस्तुत रुपमा तयार गर्नमा उहाँको विशिष्ट योगदान रहेको तथ्य स्मरण गर्दै उहाँप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं । टंकन कार्यमा सहयोग गर्नुहुने कम्प्युटर अपरेटर श्री कमला राई पनि धन्यवादको पात्र हुनुहुन्छ ।

विगत २९ वर्षदेखि राष्ट्रिय समस्याको रुपमा रहेको भुटानी शरणार्थीहरुको समस्याको स्थायी र दीर्घकालीन समाधान पहिल्याउने जस्तो संवेदनशील विषयमा अध्ययन गरी सुझाव प्रस्तुत गर्ने जिम्मेवारी प्रदान गर्नुहुने माननीय गृहमन्त्री श्री रामबहादुर थापा (बादल) ज्यू र श्रीमान गृह सचिव श्री प्रेमकुमार राईज्यूप्रति आभार व्यक्त गर्दछौं । साथै कार्यदललाई कार्यसम्पादनको लागि सहयोग पुऱ्याउनुभएका गृह मन्त्रालयका सम्बद्ध कर्मचारीहरुहरुलाई पनि धन्यवाद ज्ञापन गर्दछौं ।

# विषय सूची



| क.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| | **परिच्छेद-१**<br>**प्रारम्भिक** | |
| १ | पृष्ठभूमि | १ |
| २ | अध्ययन कार्यदलको गठन | २ |
| ३ | अध्ययन कार्यदलाई दिइएका कार्यादेशहरु | २ |
| ४ | अध्ययन कार्यदलको कार्यविधि | २ |
| ५ | अध्ययन कार्यदलको अध्ययन विधि | ३ |
| ६ | अध्ययन कार्यदलको सिमा | ३ |
| | **परिच्छेद-२**<br>**उपलब्ध तथ्य र विवरणको विश्लेषण** | |
| २.१ | भुटानी शरणार्थीहरुको नेपाल प्रवेश पश्चात्को सम्पूर्ण विवरण एकीकृत गर्ने विषय | ४ |
| २.२ | झापा र मोरङ जिल्लामा रहेका भुटानी शरणार्थीको वर्तमान अवस्था ( शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक पुर्वाधारको) सम्बन्धमा अध्ययन गर्ने विषय | ६ |
| २.३ | बाँकी रहेका भुटानी शरणार्थीहरुको भावी योजना अध्ययन गरी राय दिने विषय | ८ |
| २.४ | विगतमा नेपाल र भुटानको Joint Verification Team ले हालको इलाका प्रसाशन कार्यालय दमक झापामा राखेका सहमति / Verification गरेका Document को अध्ययनको विषय | ९ |
| २.५ | भुटानी शरणार्थीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक वैकल्पिक उपायहरु सुझाउने विषय | १० |
| २.६ | भुटानी शरणार्थीमा दर्ता भई पुनर्स्थापन हुन बाँकी शरणार्थीहरुको लगतको विषय | ११ |
| | (क) दर्ता हुन छुट भएका शरणार्थीहरुको लगत तयार गर्ने विषय | १३ |
| | (ख) भुटानी शरणार्थीहरुलाई भुटान फिर्ता गर्न सकिने नसकिने विषय | १४ |
| | (ग) भुटानी शरणार्थीहरुलाई तेस्रो देशमा पुनर्वास गराउन सकिने नसकिने विषय | १४ |
| | **परिच्छेद-३**<br>**सुझाव तथा निष्कर्ष** | |
| ३.१ | सुझाव | १५ |
| ३.२ | निष्कर्ष | १८ |

# तालिका सूचि


| क.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १ | Population of refugees from Bhutan from 1 January 2007-1 January 2019 | ४ |
| २ | Details of refugee Registered in different years (Joint Exercise Government of Nepal and UNHCR) | ५ |
| ३ | Comparative Data of Registered and Recognized Refugees | ५ |
| ४ | Resettlement departures since 26 Sept, 2006 till 30 June, 2019 | ६ |
| ५ | Host Community Support Programme (HCSP) 1998-2018 | ८ |
| ६ | Resettlement Related summary Under Consideration | ११ |
| ७ | Population of refugees from Bhutan as of 31 July 2019 | १२ |
| ८ | Number of Person with Specific Need (PSN) Categories | १२ |
| ९ | Breakdown of mixed marriages and children of mixed marriages | १३ |


# अनुसूचिहरु


| क.सं. | विषय | |
|---|---|---|
| १ | दर्ता भई हालसम्म पुनर्स्थापना हुन बाँकी शरणार्थीहरुको लगत (बेलडाँगी शिविर) | |
| २ | दर्ता भई हालसम्म पुनर्स्थापना हुन बाँकी शरणार्थीहरुको लगत (पथरी शिविर) | |
| ३ | दर्ता भई हालसम्म पुनर्स्थापना हुन बाँकी शरणार्थीहरुको लगत (शिविर बाहिर बसेका) | |
| ४ | तेस्रो देशमा पुनर्स्थापन भएका शरणार्थी संख्याको वर्ष तथा शिविरगत विवरण | |
| ५ | Host Community support programme (HCSP) 1998-2018) | |
| ६ | विशेष सहयोग आवश्यक पर्ने (PSN) शरणार्थीहरुको नाम नामसीगत विवरण | |
| ७ | शरणार्थी गणनाको समयमा अनुपस्थित भई दर्ताहुन छुट भएका शरणार्थीहरुको विवरण 2019 Joint Refugee Coordination Unit and UNHCR Census Absentee Verification | |
| ८ | जनगणनामा छुट (CA) भई दर्ताको लागि verified भएका शरणार्थीहरुमध्ये तेस्रो देशमा पुनर्स्थापना हुन इच्छुकहरुको विवरण | |
| ९ | विभिन्न कारण देखाई शरणार्थीमा छुट दर्ता गरी तेस्रो देशमा पुनर्स्थापन गर्न माग गर्दै कार्यदल समक्ष निवेदन दिनेहरुको विवरण | |
| १० | तेस्रो देशमा पुनर्स्थानाको लागि निवेदन दिने दर्तावाल शरणार्थी र तिनका परिवारका सदस्यहरुको विवरण | |

# शब्द संक्षेपीकरण Code-word

## Relationship

| | |
|---|---|
| PA | Principal Applicant |
| HR1 | Household Representative 1 |
| WIF | Wife |
| HUS | Husband |
| DAU | Daughter |
| SON | Son |
| CLF | Daughter-in-law |
| CLM | Son-in-Law |
| GCF | Granddaughter |
| GCM | Grandson |
| SBF | Sister |
| SBM | Brother |
| PRF | Mother |
| PRM | Father |
| NCF | Niece |
| NEP | Nephew |
| EXF | Ex-Wife |
| EXM | Ex-Husband |
| SCF | Step-Daughter |
| SCM | Step-Son |
| SPF | Step-mother |
| SPM | Step-father |
| ANT | Aunt |
| UNC | Uncle |
| COF | Cousin (female) |
| COM | Cousin (male) |
| GPF | Grandmother |
| GPM | Grandfather |
| PLF | Mother-in-law |
| PLM | Father-in-law |
| ILF | In-law (Female) |
| ILM | In-law (male) |
| FCM | Foster son |
| FPF | Foster mother |
| FPM | Foster father |
| FCF | Foster daughter |
| NRF | No blood relation (female) |
| NRM | No blood relation (male) |
| ORF | Other blood relation (female) |
| ORM | Other blood relation (male) |
| UKF | Not specified/unknown (female) |
| UKM | Not specified/unknown (male) |

## Sex

| | |
|---|---|
| F | Female |
| M | Male |
| U | Unknown |

## Country

| | |
|---|---|
| NEP | Nepal |
| BHU | Bhutan |
| IND | India |

## Marital Status

| | |
|---|---|
| DV | Divorced |
| EG | Engaged |
| MA | Married/Common Law |
| SN | Single |
| SR | Separated |
| WD | Widowed |
| U | Unknown |

## Other

| | |
|---|---|
| CA | Census Absentee |
| ASR | Asylum Seeker |
| NR | Non Registered |
| NOC | Not of Concern |
| PSN | Person with specific needs |
| SEV | Social Economic Vulnerability |
| RST | Resettlement |

## परिच्छेद -१
## प्रारम्भिक

### १. पृष्ठभूमि :

तत्कालीन भुटानी सरकार साम्प्रदायिक भावनाले ग्रसित भई राज्यसत्ता (सेना, प्रहरी) लगायत जोङ्खा समुदायहरुबाट सन १९९० देखि नेपाली मूलका भुटानी नागरिकलाई शारीरिक, मानसिक, भौतिक आक्रमण गरी भुटानबाट लखेट्ने काम शुरु भएको र लाखौको संख्यामा भुटानी नागरिक आफ्नो जीउ ज्यानको सुरक्षाको लागि भारतको बाटो हुँदै नेपालमा शरण लिन आएको देखिन्छ । कार्यदलसंगको छलफलका क्रममा पुराना प्रत्यक्षदर्शी शरणार्थीका अनुसार चिराङ्ग, दागना र सर्वङ्ग जिल्लामा बसेका नेपाली भाषी भुटानी नागरिकहरुलाई देश छोड्न बाध्य पार्नका लागि नेपाली भाषाका स्कूलहरुमा जोङ्खा भाषा पढ्न बाध्य पार्ने, तराई क्षेत्रमा समेत बख्खु लगाई घरबाहिर निस्किनुपर्ने, नेपाली पोषाक कही कतै लगाउनै नपाउने कडा नियम बनाई जबर्जस्ती कार्यान्वयनमा ल्याएको । यसको विरुद्धमा नेपाली भाषीहरु प्रदर्शनमा उत्रन थालेपछि सन् १९८९ ताका सेनाका टुकुडीहरु गाउँ गाउँमा पसी नेपाली भाषीको घर जलाउने, घरमा पसी पुरुषहरुलाई पाता कसी उनीहरुको सामुन्नेमा महिलाहरुलाई बलत्कार गर्ने जस्ता घृणित र अपराधजन्य कार्यबाट असह्य पीडा भै देश छोड्न बाध्य भएको अवस्था बुझिन आयो । भुक्तभोगी जिवित शरणार्थीहरुको प्रस्तुति स्वभाविक महसूस हुन्थ्यो । यस्तो परिस्थितिका कारण त्यस समयमा ठूलो संख्यामा आएका भुटानी नागरिकहरुलाई बसोबासको लागि नेपाल सरकारबाट झापा जिल्लाको बेलडाँगी, गोलधाप, खुदुनाबारी, तिमाई र मोरङ्ग जिल्लाको शनिश्चरे पथरीमा अस्थायी शिविर (Camp) खडा गरी शरणार्थी शिविरको व्यवस्थापन हुँदै आएको थियो ।

यसरी भुटानबाट विस्थापित भई आएका शरणार्थीहरुलाई नेपाल सरकार र विभिन्न विदेशी दातृ संस्थाहरुबाट खाद्यान्न, औषधोपचार, लत्ता कपडा र बासस्थानको व्यवस्थापन गरिएको थियो । सन् १९९२ देखि सन् २०१८ को December 31 सम्म संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (WFP) ले खाद्यान्न एवं नगद अनुदान सहयोग गरी शरणार्थीहरुको सामान्य गुजाराको व्यवस्था गरिदै आएकोमा सन् २०१९ को January 1 देखि WFP ले दिइरहेको सबै सहयोग पूर्वसूचना दिई बन्द गरेको अवस्था छ ।

सन २०१९ सम्ममा १,१३,३०७ भुटानी शरणार्थी तेस्रो देशमा पुनर्स्थापना भए पश्चात ७ वटा शिविरमा रहेका शरणार्थीहरुलाई मोरङ्गको शनिश्चरे र झापाको बेलडाँगीमा एकतृत गरी अरु शिविर खाली गरिएको छ । तेस्रो देशमा पुनर्स्थापना भएका शरणार्थीहरु र मुलुकहरुको विवरण टेबल नं. ४ अनुसार छ । ठूलो संख्यामा भुटानी शरणार्थीहरुलाई विभिन्न मुलुकहरुबाट शरणार्थीको मान्यता दिई पुनर्स्थापन गरेको परिप्रेक्षमा अब बाँकी रहेका शरणार्थीहरुलाई यथोचित व्यवस्थापन गरी यो समस्यालाई सदाका लागि अन्त्य गर्नु सामयिक हुने देखिन्छ ।

भुटानबाट्ट विस्थापित भएका शरणार्थीको जनगणना कार्य सन् २००६/२००७, सन् २००८ र २०१२ मा गरी ३ पटक भएको थियो, जसमा सन् २००६/२००७ मा १,१३,४२८ जना सन् २००८ मा १०९९ जना र सन् २०१२ मा १८०० जना शरणार्थीको रुपमा दर्ता भएका थिए । सो पछि अपवाद भनी सन् २०१५, २०१६ र २०१८ मा ३० जनाको दर्ता भएको छ, जस अनुसार कूल दर्ता भएको शरणार्थी संख्या १,१६,३५७ देखिन्छ । ३० जनाको अपवाद दर्ता बाहेक सन् २०१२ पछि आजसम्म कुनै भुटानी शरणार्थीको दर्ता गर्ने कार्य भएको नदेखिएको ।

भुटानी शरणार्थीहरुको सबै Eloctronic र physical file data UNHCR को Sub office दमकमा रहेको छ । सबै शिविरमा आधारित Data को व्यवस्थापन शिविरको RCU Supervisor बाट हुने र भए-गरेका सबै कामको कम्प्युटरमा आधारित Data को व्यवस्थापन UNHCR ले मात्र गर्दै आएको पाईयो । RCU र NUCRA को सचिवालयबाट शरणार्थी सम्बन्धी एकीकृत Data उपलब्ध हुन नसकेको ।

UNHCR बाट शरणार्थी दर्ता र सोसम्बन्धी सबै अभिलेख सन् २०२० अगाडि नै नेपाल सरकारलाई हस्तान्तरण गर्ने सोच राखेको भन्ने कुरा कार्यदलसंगको औपचारिक भेटघाटमा बताइएको थियो । भुटानी

शरणार्थीहरुको परिचय–पत्र पाँच वर्षमा नविकरण हुने व्यवस्था रहेपनि १६ वर्ष नाघेका भुटानी शरणार्थीको परिचय–पत्रको वितरण कार्य आवधिक रुपमा गर्ने गरेको नदेखिएको ।

Camp Based Organization (CBO), Bhutanese Refugee Women Forum (BRWF) Bhutanese Refugee Association of the Disable (BRAD) and Bhutanese Refugee Children Forum (BRCF) जस्ता संस्थाहरु आन्तरिक व्यवस्थापन कार्यमा क्रियाशील रहेको पाइयो । उनीहरुलाई शरणार्थी समुदायको सहयोग रहिआएको देखिन्छ । सूचिकृत भएका सबै CBOs हरु वडा तहसम्म काम गरिरहेको पाइयो ।

त्यस्तै संयुक्त राष्ट्रसंघीय एजेन्सीहरु, अन्तरराष्ट्रिय संघ संगठनहरुबाट पनि भुटानी शरणार्थीको फिर्तिको लागि पहल र प्रयास भएपनि परिणाम शन्य आएको अवस्था छ ।

हाल शिविरमा रहेका शरणार्थीहरुमध्ये केही तेस्रो देशमा पुनर्स्थापना हुने, केही स्वदेश (भुटान) नै फर्कने र केहीको नेपाल नै बस्ने चाहना रहेको पाईयो ।

## २. अध्ययन कार्यदलको गठन :

नेपाल सरकार, गृह मन्त्रालय (मा.मन्त्रीस्तरीय) को मिति २०७६/०२/३० को निर्णयानुसार तपसील बमोजिम तीन सदस्यीय अध्ययन कार्यदल गठन भएको । कार्यदलले मिति २०७६/०४/०२ गतेबाट गृह मन्त्रालय सिंहदरबारको भवनमा सचिवालय स्थापना गरी कार्य प्रारम्भ गरेको ।

१. श्री बालकृष्ण पन्थी, पूर्व सह-सचिव – संयोजक

२. श्री गणेश बहादुर के.सी., विज्ञ – सदस्य

३. श्री दीपकप्रसाद न्यौपाने, शाखा अधिकृत – सदस्य सचिव

## ३. अध्ययन कार्यदललाई दिइएका कार्यादेशहरु :

१. भुटानी शरणार्थीहरुको नेपाल प्रवेश पश्चात्को सम्पूर्ण विवरण एकीकृत गर्ने,

२. झापा र मोरङ्ग जिल्लामा रहेका भुटानी शरणार्थीको वर्तमान अवस्था शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक पूर्वाधार सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिने,

३. बाँकी रहेका भुटानी शरणार्थीहरुको भावी योजना सम्बन्धमा अध्ययन गरी स्पष्ट राय/सुझाव दिने

४. विगतमा नेपाल र भुटानको Joint Verification Team ले इलाका प्रशासन कार्यालय, दमक,झापामा सहमति/Verification गरेका Document अध्ययन गरी राय/सुझाव दिने ,

५. भुटानी शरणाथीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक बैकल्पिक उपायहरु सम्बन्धमा सुझाव दिने,

६. भुटानी शरणार्थीमा दर्ता भई पुनर्स्थापना हुन बाँकी र दर्ता हुन छुट भएका शरणार्थीहरुको लगत तयार गरी निजहरुलाई भुटान फिर्ता गर्न सकिने वा नसकिने, तेस्रो देशमा पुनर्वासमा पठाउन सकिने वा नसकिने सम्बन्धमा सुझाव दिने ।

## ४. अध्ययन कार्यदलको कार्यविधि :

भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समाधानका उपायहरु पहिल्याउने सन्दर्भमा कार्यदलले देहायका कार्यविधि अपनाइएको थियो ।

१. जिल्ला प्रशासन कार्यालय मोरङ्ग र झापाका प्रमुख जिल्ला अधिकारीसंग छलफल एवं सुझाव लिने कार्य ।

२. भुटानी शरणार्थी समन्वय ईकाई झापासंग र शरणार्थी व्यवस्थापन समिति पथरी, शनिश्चरे मोरङ्ग र बेलडाँगी झापाका सचिवहरुसंग समेत राय परामर्श तथा छलफल गर्ने कार्य ।

३. झापा, दमक स्थित UNHCR प्रमुख लगायत अन्य कर्मचारीहरुसंग अन्तरक्रिया एवं छलफल गरी शरणार्थीहरुसंग सम्बन्धित विवरणहरु संकलन एवं एकतृत गर्ने कार्य ।

४. विगतमा नेपाल र भुटानको Joint Verification Team ले इलाका प्रशासन कार्यालय दमक झापामा सहमति/Verification गरेका भनिएका Document राखेको कोठाको बाह्य निरीक्षण ।

५. UNHCR र शरणार्थी व्यवस्थापन समितिहरुबाट प्राप्त विवरणहरुको अध्ययन गर्ने काय ।

६. भुटानी शरणार्थीहरुको पथरी, शनिश्चरे मोरङ्ग र बेलाडाँगीमा रहेका शिविरहरुको स्थलगत भ्रमण ।

७. भुटानी शरणार्थी शिविरमा दर्ता भई पुनर्स्थापना हुन बाँकी र दर्ता हुन छुट भएका शरणार्थीहरुको निवेदन संकलन र लगत तयारको कार्य ।

**५. अध्ययन कार्यदलको अध्ययन विधि :**

- UNCHR लगायत सरकारी निकायहरुबाट प्राप्त शरणार्थीहरुसंग सम्बन्धित विवरण एवं तथ्यांकहरुको विश्लेषण,
- भुटानी शरणार्थी शिविरमा दर्ता भई पुनर्स्थापन हुन बाँकी शरणार्थीहरुको शिक्षा, स्वास्थ्य , रोजगारीजस्ता विभिन्न अवस्थाको विश्लेषण,
- दर्ता हुन छुट भएका शरणार्थीहरुको निवेदन संकलन र लगत तयार गर्ने कार्य,
- भुटानी शरणाँर्थीहरुको वर्तमान अवस्था (शिक्षा,स्वास्थ्य,रोजगारी,भौतिक पूर्वाधार) को अध्ययन,
- बाँकी रहेका भुटानी शरणार्थीहरुको भावी योजनासम्बन्धी कार्य दिशाको अध्ययन,
- भुटानी शरणार्थीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक वैकल्पिक उपायहरुको विश्लेषण ।

**६. अध्ययन कार्यदलको सीमा** :

नेपाल सरकार गृह मन्त्रालय (मा.मन्त्रीस्तरीय) को मिति २०७६/०२/३० को निर्णयबाट गठित यस कार्यदलले ६ बुँदाको कार्यादिशभित्र रही भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समाधानका उपायहरु पहिल्याउन प्रयास गरिएको । विगत २९ वर्षदेखिको सम्पूर्ण भुटानी शरणार्थीहरुको लगतको संकलन वर्गीकरण एवं विश्लेषण गर्न ३ (तीन) महिनाको समय अपुग हुन गएको । शरणार्थी सम्बन्धी विवरणको प्राप्ति र विश्लेषणको कार्य निकै विस्तृत र गहन प्रकृतिको भएकोले समय, स्रोत र सूचनाको सीमितता महसूस भयो । त्यस्तै सबै तथ्यांकको लागि Secondary data मा भर पर्नुपर्ने बाध्यता रह्यो । यस्तै शरणार्थीको मान्यता पाउन विभिन्न कारण देखाई छुट दर्ताको लागि दिइएका निवेदनहरुलाई निश्चित कार्यविधि, आधार र मापदण्ड बनाई सोका आधारमा परीक्षण गर्न असमर्थ भएको अवस्था छ ।

# परिच्छेद -२

## उपलब्ध तथ्य र विवरणको विश्लेषण

कार्यदललाई प्राप्त कार्यादेश बमोजिमका ६ वटा विषयमा कार्यदलले आफ्नो अध्ययनलाई केन्द्रित गरेको छ । यस परिच्छेदमा भुटानी शरणार्थीहरुको विषयमा आजसम्म भए–गरेका काम कारवाहीलाई निम्न बमोजिम ६ वटै शीर्षक अन्तरगत विवेचना गरिएको छ ।

### २.१. भुटानी शरणार्थीहरुको नेपाल प्रवेश पश्चात्को सम्पूर्ण विवरण एकीकृत गर्ने विषय :

सन् १९९० देखि तत्कालीन भुटानी सरकार साम्प्रदायिक मानसिकताबाट ग्रसित भई सिङ्गो राज्यसत्ता नै नेपाली मूलका भुटानी नागरिकलाई भुटानबाट लखेट्ने अभिप्रायले शारीरिक, मानसिक, भौतिक आक्रमण गरेपश्चात् लाखौको संख्यामा भुटानी शरणार्थी आफ्नो जीउ-ज्यान जोगाउन भारतको बाटो हुदै नेपाल प्रवेश गरेको देखिन्छ । यसरी भुटानबाट आएका भुटानी नागरिकलाई नेपाल सरकारले मानवीय हिसाबमा झापा जिल्लाको बेलडाँगी, गोलधाप, खुदुनावारी, तिमाई र मोरङ्ग जिल्लाको पथरी शनिश्चरेमा अस्थायी शिविर खडा गरी शरणार्थीको मान्यता दिई राखेको देखिन्छ । १ जनवरी २०१९ को तथ्यांक बमोजिम दर्ता भई तेस्रो देशमा पुनर्स्थापना पश्चात बाँकी रहेका शरणार्थीहरुको संख्या ६,५७७ देखिएको र यीमध्ये पनि ८१७ शरणार्थीहरु शिविर बाहिर गई शिविरबाट पाईरहेको सुविधा समेत लिन नआई सम्पर्कविहिन भएकोलाई Inactive र शिविरमै रहेकालाई Active भनी वर्गीकरण गरी UNHCR ले अभिलेख अद्यावधिक गरेको पाइयो । १ जनवरी २००७ बाट १ जनवरी २०१९ सम्म शिविरमा रहेका शरणार्थीहरुको संख्यात्मक विवरण निम्नानुसार टेबल नं. १ मा दिइएको छ । नाम नामेसीगत विवरण अनुसूची १,२ र ३ मा समाविष्ट गरिएको छ ।

**Population of refugees from Bhutan from 1 January 2007-1 January 2019**
**Table No. 1**

| | Camp Name | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Month | Beldangi | Goldhap | Khudunabari | Sanish chare | Timai | Out-of-Camp | Total | Inactive | Active |
| 01 Jan 07 | 56009 | 9938 | 14053 | 22227 | 10834 | 367 | 1,13,428 | | |
| 01-Jan-08 | 52,901 | 9,678 | 13,229 | 21,462 | 10,430 | 110 | 1,07,810 | | |
| 01-Jan-09 | 50,350 | 8,315 | 13,254 | 20,128 | 9,935 | 105 | 102087 | | |
| 01-Jan-10 | 42,122 | 6,356 | 12,054 | 16,745 | 8,553 | 78 | 85,908 | | |
| 01-Jan-11 | 36,341 | 4,691 | 10,704 | 13,525 | 6,909 | 72 | 72,242 | 817 | 5760 |
| 01-Jan-12 | 33,312 | 0 | 8,671 | 10,051 | 2,910 | 51 | 54,995 | | |
| 01-Jan-13 | 31,741 | 0 | 0 | 9,167 | 0 | 63 | 40,971 | | |
| 01-Jan-14 | 24,377 | 0 | 0 | 6,564 | 0 | 36 | 30,977 | | |
| 01-Jan-15 | 18,379 | 0 | 0 | 4,645 | 0 | 35 | 23,059 | | |
| 01-Jan-16 | 13,759 | 0 | 0 | 3,342 | 0 | 33 | 17,134 | | |
| 01-Jan-17 | 9,020 | 0 | 0 | 2,165 | 0 | 28 | 11,213 | | |
| 01-Jan-18 | 5,849 | 0 | 0 | 1,550 | 0 | 23 | 7,422 | | |
| 01-Jan-19 | 5,139 | 0 | 0 | 1,419 | 0 | 19 | 6,577 | 817 | 5760 |

Source: UNHCR, sub office, Damak

यसरी नेपाल प्रवेश गरेका भुटानी शरणार्थीहरुको दर्ता गर्ने प्रयोजनार्थ नेपाल सरकार र UNHCR को संयुक्त टोलीबाट ३ पटक जनगणना (census) भएको । प्राप्त विवरण अनुसार सन् २००६/२००७ मा १,१३,४२८ जना, सन् २००८ मा १०९९ जना, सन् २०१२ मा १८०० जना भुटानी शरणार्थीको रुपमा दर्ता भएको देखिन्छ । यस बाहेक सन् २०१५ मा २ जना, सन् २०१६ मा १६ जना र सन् २०१८ मा १२ जना गरी थप ३० जनालाई अपवादको रुपमा भनी दर्ता गरिएको अर्को अभिलेखबाट देखिन्छ । आजसम्म कूल दर्ता संख्या १,१६,३५७ रहेको छ । सोको वर्षगत विवरण निम्नानुसार टेबल नं. २ मा उल्लेख गरिएको छ ।

**Details of refugee Registered in different years (Joint Exercise Government of Nepal and UNHCR)**

**Table No. 2**

| S.No. | Year | Total Number Registered Refugee | Remark |
|---|---|---|---|
| 1 | Census 2006-07 | 1,13,428 | |
| 2 | Registration Exercise 2008 | 1,099 | Out of 4350 applications |
| 3 | Re-Registration Exercise 2012 | 1,800 | Out of 2016 applications |
| 4 | Exceptional registration 2015 | 2 | |
| 5 | Exceptional registration 2016 | 16 | |
| 6 | Exceptional registration 2018 | 12 | |
| | Grand Total | 1,16,357 | |

Source: UNHCR, sub office, Damak

भुटानी शरणार्थीहरुको अभिलेख राख्ने संस्था UNHCR देखियो । तर उक्त संस्थाले राखेको कूल मान्यता प्राप्त शरणार्थीहरु र दर्ता भएका शरणार्थीहरुको अभिलेख दोहोरो रुपमा मिलान हुन नसकेको पाइयो । कूल मान्यता प्राप्त शरणार्थी संख्या १,१९,८८४ देखिन्छ भने कूल दर्ता शरणार्थी संख्या १,१६,३५७ देखिन्छ । यी दुईवटा अभिलेखको मिलान गर्दा दर्ता संख्या र मान्यता प्राप्त शरणार्थीको संख्यामा ३५२७ फरक परेको देखिन्छ । यसबारेमा जिज्ञासा राख्दा UNHCR Sub office दमकबाट पुरानो अभिलेखको पहुँचबिना आधिकारिक रुपमा स्पष्ट हुननसक्ने र पुरानो अभिलेखमा पहुँचको लागि UNHCR को प्रक्रियाबमोजिम धेरै समय लाग्ने कुरा मौखिक रुपमा जानकारी गराइएको थियो । जसको विवरण निम्नानुसार टेबल नं. ३ मा उल्लेख गरिएको छ ।

**Comparative Data of Registered and Recognized Refugees**

**Table No.3**

| S.N | Number of Registered Refugees | | Number of Recognized Refugees | | Remarks |
|---|---|---|---|---|---|
| 1 | 2006 AD | 1,13,428 | Third countries resettled | 1,13,307 | Gap between registered & recognized refugee data |
| | 2008 AD | 1099 | | | |
| | 2012 AD | 1800 | Registerd Refugees Remaining in Camp | 6,577 | |
| | 2015-2018 AD | 30 | | | |
| 2 | Total | 1,16,357 | | 1,19,884 | 3527 |

Source: UNHCR, sub office, Damak

## तेस्रो देशमा पुनर्स्थापना भएका शरणार्थी संख्याको वर्ष तथा शिविरगत विवरण

विगतमा ७ वटा शिविरमा रहेका शरणार्थीहरुमध्ये सन् २००६ देखि २०१९ सम्म १,१३,३०७ जना तेस्रो देश पुनर्स्थापना भएपश्चात् बाँकी शरणार्थी हाल पथरी शनिश्चरे, मोरङ्ग र बेलडाँगी, झापा शिविर गरी २ वटा मात्र शिविरमा रहे–बसेका छन् । जसमा शनिश्चरे शिविरमा १४१९ जना र बेलडांगी शिविरमा ५१३९ जना र शिविर बाहिर १९ जना गरी कूल ६५७७ जना भुटानी शरणार्थीको रुपमा बसोवास गर्दै आईरहेको अभिलेखबाट देखिन्छ । शरणार्थी शिविरमा रहेका भुटानी शरणार्थीमध्ये 26 September 2006 देखि 30 June 2019 सम्म ११३,३०७ जना ८ वटा देशमा पुनर्स्थापन भै सकेका छन् । जसको विवरण निम्नानुसार टेबल नं. ४ मा उल्लेख गरिएको छ । कुन कुन बर्षमा कुन कुन शिविरबाट के कति शरणार्थीहरुको पुनर्स्थापना भयो, सो को विवरण अनुसूचि ४ मा समाविष्ट गरिएको छ ।

**Resettlement departures since 26 Sept, 2006 till 30 June, 2019**

Table No. 4

| S.N | Country | Female | Male | Total |
|---|---|---|---|---|
| 1 | United states of America | 47,862 | 48,308 | 96,170 |
| 2 | Australia | 3,525 | 3,545 | 7,070 |
| 3 | Canada | 3,453 | 3,386 | 6,839 |
| 4 | New Zealand | 553 | 543 | 1,096 |
| 5 | Denmark | 446 | 429 | 875 |
| 6 | Norway | 341 | 229 | 570 |
| 7 | United Kingdom | 184 | 174 | 358 |
| 8 | Netherlands | 165 | 164 | 329 |
| | **Grand total** | **56,529** | **56,778** | **1,13,307** |

Source: UNHCR, sub office, Damak

कार्यादेश बमोजिम तेस्रो देशमा पुनर्स्थापना भईसकेका १,१३,३०७ शरणार्थीहरुको नाम-नामेसीको विवरण माग गर्दा UNHCR को काठमाडौं कार्यालयबाट गृह मन्त्रालयमा बिद्युतीय माध्यमबाट पठाइसकिएको र UNHCR Sub-Office दमकमा उक्त विवरण नभएको भनी मौखिक रुपमा जानकारी गराएको थियो । तर NUCRA को कार्यालयमा पनि उक्त विवरण आएको रहेनछ । यस कारण पुनर्वासमा गइसकेका शरणार्थीहरुको नाम-नामेसी यस प्रतिवेदनमा समावेश गर्न नसकिएको ।

## २.२ झापा र मोरङ जिल्लामा रहेका भुटानी शरणार्थीको वर्तमान अवस्था (शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक पूर्वाधारको) सम्बन्धमा अध्ययन गर्ने विषय :

झापा र मोरङ्ग जिल्लामा रहेका भुटानी शरणार्थीहरुको शिक्षा, स्वास्थ्य, रोजगारी र भौतिक पूर्वाधारको वर्तमान अवस्था देहायबमोजिम रहेको छ ।

### क) शिक्षा :

बेलडाङ्गी शिविरमा नर्सरीदेखि कक्षा ८ सम्म करीब ८८० विद्यार्थीहरुले आधारभूत शिक्षा लिईरहेका छन् । बेलडाङ्गी शिविरमा रहेको विद्यालय सन् २०२० को अप्रिलबाट बन्द हुने क्रममा रहेको छ । पथरी शानिश्चरे, मोरङ्ग शिविरमा रहेका सबै विद्यालय उमेरका विद्यार्थीहरु सन् २०१९ को अप्रिलदेखि सामुदायिक विद्यालयमा भर्ना भएका छन् ।

पर्याप्त भौतिक पूर्वाधार तथा शिक्षकको अभावका कारण बेलडाङ्गीका विद्यार्थीहरु क्षमता अनुकूलको शिक्षाको पहुँचबाट बाहिर रहेको अवस्था छ । सन् २०२० को December बाट बेलडाङ्गी शिविरका विद्यालयमा UNHCR ले प्रत्यक्ष सहयोग नगर्ने जानकारी गराएको छ । सन् २०२० अगाडि नै ढुकुरपानी र चुलाचुलीका विद्यालयमा १२ कक्षासम्मको कोठाको आवश्यकता परिपूर्ति गर्न UNHCR बाट थप कक्षा कोठा निर्माण कार्य हुँदै गरेको छ ।

### ख) स्वास्थ्य :

नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य बीमा नीति अनुसार बेलडाङ्गी शिविरका सबै शरणार्थीहरुको सन् २०१८ मा UNHCR को सहयोगमा स्वास्थ्य बीमा गरिएको र सन् २०१९ मा शरणार्थीहरुले आफ्नै पहलमा नवीकरण समेत गरेका छन् । शनिश्चरे शरणार्थी शिविरमा पनि बेलडाङ्गी शिविरको जस्तै स्वास्थ्य बीमा यसै वर्षदेखि शुरु हुँदैछ । UNHCR को सहयोगमा सन् २०१९ देखि दमकमा मानसिक रोगीहरुका लागि

एउटा उपचार कक्ष स्थापना भएको र मंगलबारे अस्पतालमा पनि मनोरोग विशेषज्ञ चिकित्सकबाट मानसिक रोगीहरुको जाँच गर्ने तथा सेवा सुविधा पनि प्रदान गरिदै आएको छ ।

स्थानीय अस्पतालमा मनोरोग विशेषज्ञ चिकित्सक र मानसिक रोगीहरुको लागि स्वास्थ्य सेवा नहुँदा शरणार्थी र स्थानीय समुदायका व्यक्तिहरु यो सेवाबाट विमुख रहेका छन् । दीर्घरोगी शरणार्थीहरुले नेपाल सरकारबाट पर्याप्त सुविधा नपाएको गुनासो गरेका थिए । पर्याप्त औषधि तथा उपचार नपाएको, मृगौला बिग्रिएका विरामीहरुका लागि नि:शुल्क Dialysis नभएको, क्यान्सर, Parkinson, head and spinal injury आदि रोगहरुको उपचारको सुविधा नपाएको भन्ने शरणार्थीहरुको भनाइ रहेको ।

ग) **रोजगारी :**

जबसम्म शरणार्थीहरुले कानूनी आधार प्राप्त गर्न सक्दैनन् तबसम्म उनीहरुले औपचारिक क्षेत्रमा काम पाउन सक्दैनन् । सन् 2017 को विवरण अनुसार 71% घरमुलीमा एक जनाले ज्याला-मजदुरीबाट परिवारको भरण-पोषण गरेको बताइएको थियो । UNHCR ले शरणार्थीहरुका लागि धेरै प्रकारका जीवन निर्वाह हुने तालीम र क्षमता अभिवृद्धि हुने कार्यक्रमहरु पनि संचालन गर्दै आएको देखिन्छ तर औपचारिक रुपमा श्रम बजारमा जाने सुविधा नभएकोले सिकेको सीप र ज्ञान प्रयोजनहीन भएको गुनासो रहेको छ ।

शरणार्थीहरु Work Permit को अभावमा रोजगारी र जीवन निर्वाहका समस्याहरुसँग जुझ्दै आएको देखिन्छ । कानूनी हैसियत प्राप्त नुहुँदा बजारमा सहज पहुँच नहुनु, व्यवसाय गर्ने प्रमाण पत्र नहुनु, आफ्नो क्षमता र उद्यमशीलता बमोजिम आयस्रोत प्राप्त गर्ने क्रियाकलाप गर्न नपाउनु, आर्थिक सुरक्षा नहुनु जस्ता समस्याहरु रहेका छन् ।

घ) **भौतिक पूर्वाधार :**

शरणार्थीहरुले आफू बसेको घरमा सौर्य बत्तिको प्रयोग गरेका छन् । UNHCR को आर्थिक सहयोगमा शनिश्चरे र बेलडाङ्गी शिविरका शरणार्थीहरुका लागि खानेपानी वितरण गर्ने जिम्मा पथरी शनिश्चरे र दमक नगरपालिकाले लिएका छन् ।

सन् २०१८ सम्ममा ५६५ आश्रयस्थल (घर/टहरा) मध्ये २०० वटा बलियो र ३६५ वटा सुधार गरिएको आश्रयस्थल (घर/टहरा) निर्माण भएको र सन् २०१९ मा ६७५ वटा आश्रयस्थल (घर/टहरा) मध्ये २०० वटा बलियो र ४७५ वटा सुधार गरिएको आश्रयस्थल (घर/टहरा) को निर्माण कार्य भैसकेको छ । यी सबै आश्रयस्थल मानवोचित मापदण्डभित्र पर्ने खालका प्रतीत हुँदैनन् । सन् १९९८ देखि सन् २०१८ सम्म UNHCR लगायत अन्तरराष्ट्रिय दातृ समुदायबाट Host Community Support Programme (HCSP) अन्तर्गत शिक्षा, वातावरण संरक्षण, स्वास्थ्य र खानेपानी, जीवन निर्वाह र संरक्षण एवं सामुदायिक सेवाको लागि ४७,३६,३९८ अमेरिकी डलर बराबरको सहयोग प्राप्त भएको छ । वर्षानुगत र विषयगत खर्चतालिका देहायबमोजिम टेबल नं. ५ मा उल्लेख गरिएको छ । खर्चको शीर्षक र क्षेत्रगत विवरण अनुसूची ५ मा समाविष्ट गरिएको छ ।

**Host Community Support Programme (HCSP) 1998-2018**

Table No. 5

| Year | Education | Environment Protection | Health and Water | Livelihood | Protection and Community service | Total Amount (USD) |
|---|---|---|---|---|---|---|
| 1998 | 25,062 | 31,733 | 44,542 | 8,166 | - | 1,09,503 |
| 1999 | 54,090 | 32,048 | 98,210 | 16,277 | - | 2,00,625 |
| 2000 | 38,391 | 17,970 | 66,865 | 2,908 | - | 1,26,133 |
| 2001 | 27,731 | 10,945 | 30,070 | 2,455 | - | 71,201 |
| 2004 | - | 35,799 | - | - | - | 35,799 |
| 2005 | - | 12,229 | - | - | - | 12,229 |
| 2006 | - | 4,533 | - | - | - | 4,533 |
| 2007 | - | 78,877 | - | - | - | 78,877 |
| 2008 | - | - | - | - | 1,263 | 1,263 |
| 2009 | - | - | 1,02,414 | - | 56,015 | 1,58,428 |
| 2010 | 2,22,649 | 71,672 | 70,735 | 1,03,252 | 59,060 | 5,27,367 |
| 2011 | 45,171 | 33,764 | - | 1,59,397 | 63,920 | 3,02,252 |
| 2012 | 1,26,824 | 3,55,861 | 47,900 | 1,49,393 | 2,52,299 | 9,32,278 |
| 2013 | 43,948 | 1,50,489 | 1,70,607 | 1,45,223 | 2,38,769 | 7,49,034 |
| 2014 | 52,676 | 23,880 | 31,210 | 62,282 | 1,44,206 | 3,14,254 |
| 2015 | 14,409 | 2,061 | 81,628 | 72,954 | 64,754 | 2,35,805 |
| 2016 | 34,017 | 9,326 | 1,53,685 | 61,992 | 51,205 | 3,10,225 |
| 2017 | 1,14,761 | 1,495 | 73,279 | 78,762 | 43,201 | 3,11,497 |
| 2018 | 50,943 | 2,012 | 81,160 | 59,900 | 61,081 | 2,55,095 |
| **Grand Total** | **85,0672** | **87,4,694** | **10,52,305** | **9,22,961** | **10,35,773** | **47,36,398** |

Source: UNHCR, sub office, Damak

## २.३ बाँकी रहेका भुटानी शरणार्थीहरुको भावी योजना अध्ययन गरी राय दिने विषय :

सन् १९९० देखि भुटानबाट विस्थापित भई नेपाल आएका भुटानी शरणार्थीहरु तत्कालीन समयमा लगभग १ लाख २० हजार पुगेको । सन् २०१८ सम्ममा १,१३,३०७ जना तेस्रो देशमा पुनर्स्थापन भएपश्चात् हाल दर्तावाला ६५७७ भुटानी शरणार्थी नेपालमा बाँकी रहेको र केही शिविर बाहिर र केही दर्ता हुन छुट रहेको अवस्था छ ।

सन् २०१८ को डिसेम्बर मसान्तसम्म WFP ले नगद तथा खाद्यान्न सहयोग गरिरहेको र तेस्रो देशमा शरणार्थी पुनर्स्थापनाको कार्य पनि भइरहेकोले नेपाल सरकारको तर्फबाट भावी योजना बनी नसक्नु स्वभाविक हो । सन् २०१९ को जनवरी १ देखि WFP ले पूरै हात झिकिसकेको र UNHCR पनि सन् २०२० देखि आफू दमकबाट हिड्ने कुरा गरिरहेकोले अब यथाशीघ्र भुटानी शरणार्थीहरुको विषयमा योजना निर्माण गरी कार्यान्वयन गर्नु जरुरी देखिन्छ । अब बन्ने योजनामा अन्य विषयका अतिरिक्त देहायबमोजिका विषयहरुमा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

(क) UNHCR संग भएका भुटानी शरणार्थी सम्बन्धी सम्पूर्ण अभिलेखहरु र अभिलेखन प्रणाली दुबै गृह मन्त्रालयले बुझिलिने र केन्द्रीय अभिलेखन प्रणालीमा आबद्ध गरी सो आधारमा शरणार्थी व्यवस्थापनको कार्ययोजना निमार्ण गर्न आवश्यक देखिएको ।

(ख) शरणार्थी सम्बन्धी अभिलेखको अद्यावधिक गर्ने निश्चित् मापदण्ड र कार्यविधि बनाई software मार्फत नियन्त्रणको कार्य गरी बारम्बार छुट भएको दावी गर्न नसक्ने पद्धति र प्रणालीको विकास गरी लागू गर्न आवश्यक देखिएको ।

(ग) विशेष सहयोग (Specific need) एवं सुरक्षा आवश्यक पर्ने शिविरमा रहेका १००० जना शरणार्थीहरुलाई सरकारले सामाजिक सुरक्षा कार्यक्रमको रुपमा सहयोग उपलब्ध गराउन उपयुक्त हुने देखिएको ।

(घ) भुटानी शरणार्थीको समस्या स्थायी र दीर्घकालीन रुपमा समाधान नहुन्जेल शिविरमा रहेका शरणार्थीहरुको स्वास्थ्य, शिक्षा, रोजगारी र भौतिक पूर्वाधारको लागि संघीय तथा स्थानीय सरकारबाट आवश्यक बजेट व्यवस्थापन गर्नु उपयुक्त हुने देखिएको ।

(ङ) तत्कालीन भुटानी सरकारले आफ्ना नागरिकलाई विभिन्न बहानामा देश निकाला गरेतापनि कूटनीतिक प्रयासको माध्यमबाट स्वदेश फर्कन चाहने जहाँसुकै बसेका नेपाली भाषी भुटानी शरणार्थीहरुलाई सहज र सुरक्षित रुपमा बसोबास गर्न सक्ने वातावरण सृजना गरी भुटान फर्काउने कार्यको लागि कूटनीतिक पहलको कार्यलाई अझबढी जोडतोडकासाथ अघि बढाईरहनुपर्ने आवश्यकता छ । यो विषय नेपालको दूरगामी हित र प्रतिष्ठाको अभिवृद्धिसंग प्रत्यक्षतः सम्बन्धित छ ।

(च) शरणार्थीहरुलाई उनीहरुको चाहनाको आधारमा विगतमा झै अन्तरराष्ट्रिय संघ संस्थाको पहलमा तेस्रो देशमा पुनर्स्थापना गर्न कूटनीतिक पहल र प्रयत्न गर्न उपयुक्त देखिएको ।

(छ) तेस्रो देशमा पुनर्स्थापना हुन नसकी बाँकी रहनजाने भुटानी शरणार्थीहरुलाई स्वदेश फिर्ता नहुन्जेलसम्मको लागि आत्मनिर्भर भई रहनसक्ने व्यवस्था मिलाउन विशेष नीतिगत निर्णय गरी कार्यन्वयनमा लैजानुपर्ने आवश्यकता देखिएको ।

## २.४ विगतमा नेपाल र भुटानको Joint Verification Team ले हालको इलाका प्रसाशन कार्यालय दमक झापामा राखेका सहमति / Verification गरेका Document को अध्ययनको विषय :

सन १९९० देखि भुटानबाट विस्थापित भई नेपालका विभिन्न ७ वटा शिविरमा रहेका नेपाली मूलका भुटानी नागरिकहरुलाई स्वदेश फर्काउने उद्देश्यले सन् २००८ मा नेपाल र भुटान सरकारको Joint Verification Team गठन भएको थियो । जुन Team को उद्देश्य नेपालका शिविरमा रहेका शरणार्थीहरु भुटानी र गैरभुटानी के हुन् ? उनीहरुसंग भएको प्रमाणको अध्ययन गर्ने, भुटानी सरकारले खेदेर पठाएको हो ? वा स्वेच्छाले नै भुटान छोडेको हो ? सोको अध्ययन गर्ने रहेको थियो । शिविरमा रहेका प्रत्येक व्यक्तिसंग भएको कुराकानीलाई लिपिबद्ध गरी दुवै मुलकका प्रतिनिधिहरुले दस्तखत गरी सोको टिपोट ईलाका प्रशासन कार्यालय दमकको भुईतलाको एक कोठामा राखेको र ढोकामा दुईवटा ताल्चा आ–आफ्नो मुलुकका प्रतिनिधिहरुले लगाउने व्यवस्था रहेको भन्ने जानकारी हुन आएको । यी प्रतिनिधिले बिहान शरणार्थी शिविरमा जाँदा संयुक्त रुपमा कोठाको ताल्चा खोल्ने र दिउँसो भएका कामका कागजपत्र बेलुका पुनः उक्त कोठामा राखी ताल्चा लगाउने गरिएको थियो भन्ने हाल शिविरमा रहेका बूढापाकाको भनाइ रहेको । शीलछापबिना ताला मात्र झुण्डाइएको उक्त कोठाभित्रका कागजपत्रहरु हाल काम नलाग्ने अवस्थाका भैसकेको अनुमान गर्न सकिन्छ । सम्भवतः भित्र रहेका कागजातहरु स्याहार संभारको अभावमा सडीगली नष्ट भैसकेको अवस्था हुनसक्छ ।

यसरी सन् २००८ मा Joint Verification Team ले ७ वटा शिविरमध्ये खुदुनाबारी शिविरको काम शुरु गरेको तेस्रो दिनमा भुटानी प्रतिनिधिहरु र भुटानी शरणार्थीहरुबीच भनाभन एवं विवाद भएपश्चात् उनीहरु नेपाल छोडेर भुटान फर्किएका रहेछन् । त्यसपछि इलाका प्रशासन कार्यालय दमकमा रहेको उक्त कोठा हालसम्म पनि तालाबन्दीको अवस्थामा नै रहेको पाइयो । हाल शिविरमा रहेका पुराना शरणार्थीहरुको भनाई अनुसार ७ वटा शिविरमध्ये एउटा खुदुनाबारी शिविरको Verification काम पूरा नहुँदै रोकिएको हुँदा Joint Verification Team ले गरेको कामको कुनैपनि निर्णयसम्बन्धी महत्वपूर्ण Document त्यस कोठामा नभएको र खाली टिपोट मात्र रहेको हुँदा त्यस्को कुनै अर्थ नभएको भनाइ रहेको ।

हालसम्म १,१३,३०७ जना भुटानी शरणार्थी तेस्रो देशमा पुनर्स्थापना भैसकेको र खुदुनाबारी शिविर पनि बन्द भैसकेकोले Joint Verification Team को अधुरो कागजातहरुको कुनै महत्व देखिदैन । तैपनि एकपटक कूटनीतिक मर्यादाको दृष्टिकोणले भुटान सरकारको प्रतिनिधि बोलाई कोठा खुलाउने र नआएमा UNHCR, स्थानीय नगरपालिका, पार्टी प्रतिनिधिसहितको रोहभरमा मुचुल्का गरी कोठा खोली कागजपत्र हेर्न आवश्यक छ । भाडामा रहेको कार्यालयको कोठा अनन्तकालसम्म बन्द गरिरहन पनि मिल्दैन ।

## २.५ भुटानी शरणार्थीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक वैकल्पिक उपायहरु सुझाउने विषय :

कार्यदलले भुटानी शरणार्थी समस्याको स्थायी रुपमा समाधान गर्नका लागि समय सापेक्ष र दूरगामी दुष्परिणामरहित वैकल्पिक उपायहरुको पहिचान गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी अध्ययन गरेको हो । यस क्रममा मोरङ्ग र झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, दमक र पथरी शनिश्चरे नगरपालिकाका जनप्रतिनिधिहरु, शिविर रहेका वडाका वडा अध्यक्षहरु, शिविर व्यवस्थापन समितिका पदाधिकारीहरु र भुटानी शरणार्थीका अग्रज एवं अगुवाहरुसंग छलफल र अन्तरक्रिया गरिएको थियो । यी सबै छलफलबाट आएको अन्तर्य र कार्यदलको आफ्नो अध्ययन, विश्लेषण र मनन्बाट प्राप्त निचोडको समिश्रणबाट भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समाधान गर्न शरणार्थीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा दर्ता छुट भएका भनी निवेदन दिने शरणार्थी निवेदकहरु र शरणार्थी परिचय-पत्र वाहक व्यक्तिका एकाघरका दर्ता भईनसकेका परिवारका सदस्यहरुको पनि छुट दर्ता गर्ने विषयको टुंगो लगाई देहाय बमोजिमका ३ वटा वैकल्पिक उपायहरुको अवलम्वन गर्नुपर्ने देखिन आयो । यी विकल्पहरुमा सरोकारवाला सबैको सर्वसहमति रहेको पाइएको छ ।

### (क) स्वेच्छिक स्वदेश फिर्ता (Voluntary Repatriation) :-

सन् १९९० देखि भुटानबाट विस्थापित भई नेपालका विभिन्न शिविरहरुमा अस्थायी बसोबास गरी आएका नेपालीभाषी भुटानी नागरिकहरुको ठूलो संख्या तेस्रो देशमा पुनर्स्थापन (Resettlement) भैसकेको छ । स्वदेश फिर्ता हुन चाहने शरणार्थीहरुको लगत संकलन गर्दा समय अनुसार फरक-फरक संख्या देखिन आएको कुरा सन् २०१८ मा UNHCR ले लिएको लगत र यस वर्ष सम्बन्धित शिविरले लिएको लगतले देखाएको छ । स्वदेश फिर्ती पश्चात तिनीहरुलाई सुरक्षा प्रदान गर्ने, सम्पति फिर्ता दिने र स-सम्मान नागरिक अधिकार उपभोग गर्नसक्ने अन्तर्राष्ट्रिय प्रत्याभूति नभएसम्म यथार्थमा एकजना पनि स्वदेश फिर्ता जाने देखिदैन । भुटान सरकारले दिएको बर्वर यातना, जवरजस्ति झुठा मुद्दा र अनन्तकालसम्मको गैरकानूनी र यातनापूर्ण थुनामा राखेका उदाहरणले द्विपक्षीय समझदारीबाट मात्रै शरणार्थी फिर्ता जाने अवस्था छैन । अन्तर्राष्ट्रिय प्रत्याभूति भएको अवस्थामा मात्र नेपालमा बसेका केही शरणार्थीहरु फिर्ता जान सक्छन । अन्तर्राष्ट्रिय प्रत्याभूति पश्चात मात्रै भुटान फिर्ता (Repatriation) जान चाहनेको लगत लिदाँ मात्र वास्तविक संख्या किटान हुन आउने छ । यस्तो व्यवस्थापूर्व स्वदेश फिर्ताको लागि भनी लिने लगतको स्थायीकरण नहुँदोरहेछ, अर्थात पटकैपिछे फरक फरक लगत बन्दोरहेछ । शरणार्थीहरु विश्वस्त हुने किसिमले उनिहरुको जीउ-धनको सुरक्षा गर्ने व्यवस्था मिलाई शरणार्थीहरुलाई कूटनीतिक पहलमार्फत स-सम्मान स्वदेश (भुटान) नै फर्काउने पहिलो विकल्प रहेको छ ।

### (ख) तेस्रो देश पुनर्स्थापन (Third Country Resettlement) :-

विगतमा नेपाल सरकार र UN Agency हरुको विशेष पहलबाट ८ वटा राष्ट्रमा करीब ९० प्रतिशतभन्दा बढी १,१३,३०७ जना भुटानी शरणार्थीहरु पुनर्स्थापना भैसकेको अवस्था छ । UNHCR-Resettlement Programme सन् २०१६ को December बाट समाप्त भएको र अष्ट्रेलियन सरकारको Humanitarian sponsorship programme अन्तरगत Resettlement Programme भने जारी रहेको अवस्था छ । तेस्रो देशमा पुर्नस्थापना हुन चाहने शरणार्थीहरुलाई नेपाल सरकारको पहलमा तेस्रो देश पुनर्स्थापन (Resettlement) को प्रकृया अगाडि बढाउने दोस्रो विकल्प रहेको छ ।

(ग) नेपालमा बसोबास (Local Integration) :-

सन् १९९० देखि हालसम्म नेपाल र भुटान सरकारबीच १६ औं चरणसम्मको छलफल एवं वार्ता हुँदा पनि भुटान सरकारले समस्याको समाधान अर्थात आफ्ना नागरिक फिर्ता लिन बहानाबाजी गर्दै अस्वीकार गरिरहेको स्थिति छ । विगत २९ वर्षदेखि अटेरी, जिद्धिपन गरी आफ्ना नागरिक फिर्ता नलिएबाट स्वदेश फिर्ताको कार्य सम्भव देखिदैन । अर्कोतर्फ भुटान फर्किन चाहने शरणार्थीहरुको जीउ-ज्यानको सुरक्षाको अन्तर्राष्ट्रिय प्रत्याभूति नभएसम्म भुटान फर्काउने कार्य मानवोचित पनि देखिदैन । अन्तिम विकल्पका रुपमा तेस्रो देशमा पुनर्वास हुननसकेका वा नचाहेर नेपालमै बसिरहेका बाँकी भुटानी शरणार्थीहरुलाई आफ्नो मातृभूमिमा फिर्ता गर्ने मुद्दालाई जीवित राख्दै नेपाल बसुन्जेलसम्मको लागि मात्र तिब्बती शरणार्थीहरुलाई उपलब्ध गराए जस्तो निम्नानुसारको सेवा सुविधा उपभोग गर्न पाउने गरी आवधिक "Smart Bhutanese Refugee Identity Card" उपलब्ध गराउने । अशक्त र असहाय (Vulnerable) शरणार्थीहरुलाई मात्र नेपाल सरकारबाट थप सुविधा उपलब्ध गराउने अन्तिम विकल्प रहेको देखिन्छ ।

संयुक्त राष्ट्र संघीय एजेन्सीहरु, अन्तर्राष्ट्रिय संघ संगठनहरु र शरणार्थी लगेका देशहरुले भनेबमोजिम नागरिकता दिने कार्य कदापि नगर्ने । नेपाल शरणार्थीहरुलाई नागरिकता दिन नसक्ने अवस्थामा रहेका कारणहरुका बारेमा विश्व समुदायलाई जानकारी गराउने ।

**नेपालमा बसिरहेका भुटानी शरणार्थीहरुलाई उपलब्ध गराउन उपर्युक्त हुने सुविधाहरु :**

(i) शरणार्थी परिचय-पत्रको व्यवस्था,
(ii) सन्ततिहरुको जन्मदर्ताको छुट्टै अभिलेख राखी परिचय-पत्रको व्यवस्था,
(iii) सवारी चालक अनुमति-पत्र लिनसक्ने सुविधा,
(iv) बैंकिङ्ग कारोबार गर्ने सुविधा,
(v) शरणार्थी कल्याणसंग सम्बन्धित संघ संस्था खोल्ने सुविधा,
(vi) ब्यापार व्यवसाय गर्ने सुविधा,
(vii) जग्गा-जमीन, भवन अनुबन्ध (Lease) मा लिनसक्ने सुविधा,
(viii) विदेश आवागमनको लागि यात्रा अनुमति-पत्र लिनसक्ने सुविधा,
(ix) बिजुली, खानेपानी, शिक्षा, स्वास्थ्य, संचार आदिको उपभोग गर्ने सुविधा ।

## २.६. भुटानी शरणार्थीमा दर्ता भई पुनर्स्थापन हुन बाँकी शरणार्थीहरुको लगतको विषय :

भुटानी शरणार्थी शिविरमा दर्ता भै तेस्रो देशमा पुनर्वास भई बाँकी रहेका शरणार्थीहरुको अन्तिम तथ्याङ्क यसै प्रतिवेदनको २.१ अन्तरगत टेबल नं. १ मा उल्लिखित छ । यी बाँकी ६५७७ शरणार्थीहरुमध्ये निम्नानुसारका संख्याका शरणार्थीहरुको निवेदन पुनर्वास कार्यक्रमको तहमा विचाराधीन अवस्थामा रहेको देखिन्छ । जसमध्ये केही प्रस्थान हुन बाँकी, केहीको अन्तरवार्ता हुन बाँकी र केही तेस्रो देशमा पुनर्वास हुनको लागि इच्छा प्रकट गरेको देखिन्छ ।

**Resettlement Related summary Under Consideration**

**Table No.6**

| S.No. | Description | Via | Total Number |
|---|---|---|---|
| 1 | Pending Resettlement Departures | UNHCR | 59 |
| 2 | Pending Resettlement Interview | UNHCR | 37 |
| 3 | Self Approached for Resettlement Interest | IOM | 95 |
| | **Total** | | **191** |

Source: UNHCR, sub office, Damak

भुटानी शरणार्थी शिविरमा दर्ता भई पुनस्थापन हुन बाँकी रहेका बेलडाँगी, शनिश्चरे र शिविर बाहिर रहेका भुटानी शरणार्थीहरुको July 31, 2019 को पछिल्लो लिङ्गगत र उमेरगत संख्यात्मक विवरण देहायको टेबल नं. ७ बमोजिम रहेको छ ।

**Population of refugees from Bhutan as of 31 July 2019**

**Table No.7**

| | Camp Name | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Year** | **Beldangi** | | | **Sanishchare** | | | **Out of Camp** | | | **Total** |
| | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | |
| 0-4 | 170 | 179 | 349 | 63 | 63 | 126 | 0 | 0 | 0 | 475 |
| 5-11 | 311 | 350 | 661 | 102 | 98 | 200 | 0 | 1 | 1 | 862 |
| 12-17 | 291 | 334 | 625 | 90 | 72 | 162 | 1 | 1 | 2 | 789 |
| 18-59 | 1347 | 1555 | 2902 | 372 | 423 | 795 | 3 | 5 | 8 | 3,705 |
| 60 and over | 242 | 360 | 602 | 65 | 71 | 136 | 3 | 5 | 8 | 746 |
| Total | 2361 | 2778 | 5139 | 692 | 727 | 1419 | 7 | 12 | 19 | 6,577 |
| HH | | 1935 | | | 524 | | | 11 | | 2470 |

Source: UNHCR, sub office, Damak

Note:16 individuals from Goldhap, 7 individual from Timai and 35 from Khudunabari pending relocation are recorded in Beldangi and Sanishchare camp.

पारिवारिक सहयोग नभएका दृष्टिविहिन, वृद्ध, बालक, दीर्घरोगी एकल महिलाहरु जो सामाजिक, आर्थिक रुपमा संकटमा रहेका छन् त्यस्ता शरणार्थीहरुको संख्यात्मक विवरण देहायको टेबल नं. ८ र नाम नामेसीगत विवरण अनुसूचि ६ मा समाविष्ट गरिएको छ ।

**Number of Person with Specific Need(PSN) Categories**

**Table No.8**

| Number of Person with Specific Data | | |
|---|---|---|
| Person with Specific needs (PSN) categories | Number | RST Pipeline |
| A. PSN with Socio-Economic Vulnerability (SEV) | 727 | 70 |
| B. PSN without Socio-Economic Vulnerability (Without SEV) | 273 | 26 |
| **Total No of PSN** | **1000** | **96** |

Source: UNHCR, sub office, Damak

सन् २०१९ को July को अन्तसम्ममा UNHCR को अभिलेख अनुसार १००० जना शरणार्थीहरुको लागि विशेष सुविधाको आवश्यक रहेको देखिन्छ । जसमध्ये ७२८ जना सामाजिक, आर्थिक रुपले संकटमा रहेका छन् । यी संकटमा रहेका व्यक्तिहरुका लागि UNHCR ले चौमासिक रुपमा आर्थिक अनुदान उपलब्ध गराउदै आएको छ ।

यस्ता PSN-SEV का लागि निरन्तर सहयोगको आवश्यकता रहन्छ । PSN-SEV मा बृद्ध, दृष्टिविहीन, एकल महिला, दीर्घरोगी, बाबुआमाबाट छुट्टिएका बच्चा र अन्य प्रभावित व्यक्तिहरु पर्दछन् जसलाई परिवारबाट सहयोग प्राप्त भएको छैन ।

माथि उल्लखित व्यक्तिहरुका लागि सरकारको सामाजिक सुरक्षा कार्यक्रमबाट विशेष निर्णय गरेर सम्बोधन गरिनु आवश्यक देखिन्छ । साथै दमक र पथरी शनिश्चरे नगरपालिकाले आफ्नो सेवा क्षेत्रभित्र शरणार्थीको जनसंख्यालाई पनि समावेश गरी PSN शरणार्थीहरुलाई मानवीयताको आधारमा सहयोग गर्नुपर्ने देखिन्छ । यी १००० जना विशेष सहयोग अबवश्यक पर्ने शरणार्थीहरुको नाम नामेसिगत विवरण अनुसूची ६ मा समाविष्ट गरिएको छ ।

**शरणार्थी र गैरशरणार्थी बीचको विवाहवारी (Mix marriage Refugee case) :-**

Mix marriage Refugee case अन्तरगत ९७१ शरणार्थीहरु Mix marriage भएको जानकारी पाईयो । जसमा २२२ शरणार्थी महिलाले नेपाली पुरुषसंग, ३४६ शरणार्थी पुरुषले नेपाली महिलासंग, २०६ शरणार्थी महिलाले भारतीय पुरुष नागरिकसंग र १९७ शरणार्थी पुरुषले भारतीय महिला नागरिकसंग विहावारी गरेको पाइयो । नेपाली भुटानीको Mix marriage बाट ८७२ बालबच्चा र भारतीय भुटानीको Mix marriage बाट ५७२ बालबालिकाको जन्म भएको अभिलेख निम्नानुसार टेबल नं ९ उल्लेख गरिएको छ ।

**Breakdown of mixed marriages and children of mixed marriages**
**Table No. 9**

| Refugee Spouse by Sex | Nepali Spouse | | Indian Spouse | | Total | |
|---|---|---|---|---|---|---|
| | Marriages | Children | Marriages | Children | Marriages | Children |
| Women | 222 | 285 | 206 | 222 | 428 | 507 |
| Men | 346 | 587 | 197 | 353 | 543 | 940 |
| Total | 568 | 872 | 403 | 575 | 971 | 1447 |

Source: UNHCR, sub office, Damak

**(क) दर्ताहुन छुट भएका शरणार्थीहरुको लगत तयार गर्ने विषय :**

दर्ताहुन छुट भएका शरणार्थीहरुको सम्बन्धमा अध्ययन गर्दा फरक फरक प्रकृतिका दर्ताहुन छुट भएका शरणार्थीहरु देखिन आयो । छुट भएका शरणार्थीहरुमध्ये केही संख्या प्रथम गणना (Census) को अवधि अर्थात सन् २००७ भन्दा अघि नै शिविर प्रवेश गरेपनि शरणार्थी गणनामा छुट भएका, केही संख्या शरणार्थी गणनामा समावेश भएपनि परिचय-पत्रको लागि फोटो खिच्ने बेलामा अनुपस्थित भएका, केही संख्या रोजगारीको लागि शिविरबाहिर भएका कारणले छुट भएका भन्ने रहेछन् । त्यस्तै केही संख्या भुटानबाट लखेटिदा सबै कागज प्रमाण लुटिएका कारण प्रमाणविहिन बनेकाले दर्ता प्रक्रियामा समावेश हुन नसकेका भन्नेपनि रहेछन् ।

विभिन्न कारणबाट दर्ता हुन छुट भएका भनी विभिन्न समयमा निवेदन दिने शरणार्थीहरुको निम्नबमोजिम दुई भागमा वर्गीकरण गरी लगत तयार गरिएको छ ।

**(अ) शरणार्थी गणनाको समयमा दर्ताहुन छुट (Census Absentee) भएका शरणार्थीहरु :**

दर्ता हुन छुट भएका शरणार्थीहरुको लगत तयार गर्ने क्रममा RCU र UNHCR को संयुक्त टोलीले छानवीन गरी प्रमाणीकरण गरेका ४२९ जनालाई Census Absentee शरणार्थीको रुपमा पहिचान गरेको अभिलेख प्राप्त भयो । UNHCR र प्रमुख जिल्ला अधिकारी झापाको नेतृत्वमा रहेको शरणार्थी समन्वय इकाइ (RCU) बाट संयुक्त रुपमा प्रमाणीकरण गरी शरणार्थीको रुपमा दर्ता गर्न उपयुक्त भनी सिफारिस गरिसकेको अवस्था छ । यी ४२९ जनाका सबै कागज प्रमाणहरु RCU झापामा रहेका छन्, जसको लगत अनुसूचि ७ मा समाविष्ट गरिएको छ । यी मध्ये तेस्रो देशमा पुनर्स्थापना हुन पाउँ भनी निवेदन दिनेहरुको लगत अनुसूचि ८ मा समाविष्ट गरिएको छ ।

**(आ) विभिन्न कारणले दर्ताहुन छुट भएका शरणार्थीहरु :**

विभिन्न कारणले दर्ता हुन छुट भएका शरणार्थीहरुको लगत तयार गर्ने क्रममा कार्यदलले मोरङ्ग र झापा जिल्लाको शरणार्थी शिविरहरुको भ्रमण, सम्बद्ध पदाधिकारी, व्यक्ति, सरोकारवाला शरणार्थीहरुसंगको छलफल र अन्तरक्रिया गरी अध्ययन सामग्रीको संकलन गर्दै कार्यदलको कार्यादेशबारे स्पष्ट पारिएको थियो । यस्तो भेटघाट र छलफल पश्चात् छुट भएको माग दाबी गर्न शरणार्थीहरुलाई दरखास्त दिन लगाइएको थियो । सोही अनुरुप कार्यदलसमक्ष छुट दर्ता गरी तेस्रो देशमा पुनर्स्थापना गर्नका लागि आवेदन दिनेहरुको लगत अनुसूचि ९ मा समाविष्ट गरिएको छ ।

**(ख) भुटानी शरणार्थीहरुलई भुटान फिर्ता गर्न सकिने नसकिने विषय :**

यो विषयमा नेपाल र विश्व समुदायको एउटै माग छ- भुटानले आफ्ना नागरिकलाई बिनाकुनै भेदभाव, आग्रह-पूर्वाग्रह नराखी स-सम्मान फिर्ता लैजानुपर्छ । यस मामिलामा नेपाल सरकारको तर्फबाट १६ पटकसम्म उच्चस्तरीय प्रतिनिधिमण्डलले भुटान सरकारसंग वार्ता, छलफल गरेको थियो । यसै गरी संयुक्त राष्ट्रसंघीय एजेन्सीहरु, मानव अधिकारसंग सम्बन्धित संघ संगठनहरुबाट पनि राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा सक्रिय बनी दवाव सृजना गर्ने कामहरु भएका थिए । तर भुटान सरकार, शरणार्थीलाई फिर्ता लैजाने पक्षमा आउदै आएन । विश्व समुदाय र UNHCR जस्ता संस्थाले पनि भुटानी हठ र पूर्वाग्रहदेखि हार मानी १,१३,३०७ जना शरणार्थीहरुलाई तेस्रो देशमा पुनर्स्थापना गराउनमा सहयोग पुऱ्याएका छन् । यस किसिमको विगतदेखि वर्तमान सम्मको परिप्रेक्ष्यलाई विचार गर्दा क्षेत्रीय राजनीतिमा कुनै विशेष खालको परिवर्तन नभएसम्म भुटानी शरणार्थीहरुलाई स-सम्मान भुटान फिर्ता गराउन सकिने अवस्था देखिदैन ।

**(ग) भुटानी शरणार्थीहरुलाई तेस्रो देशमा पुनर्बास गराउन सकिने वा नसकिने विषय :**

विगतमा नेपाल सरकार र UN Agency हरुको महत्वपूर्ण पहलबाट ८ वटा राष्ट्रमा करीब ९० प्रतिशतभन्दा बढी १,१३,३०७ जना भुटानी शरणार्थीहरु पुनर्स्थापना भैसकेको अवस्था छ । UNHCR-Resettlement Programme २०१६ को December बाट समाप्त भएको र अष्ट्रेलियन सरकारको Humanitarian sponsorship programme अन्तरगत Resettlement Programme भने जारी रहेको अवस्था छ । इच्छुक शरणार्थीहरुलाई उनीहरुको चाहना बमोजिम नेपाल सरकारको पहलमा तेस्रो देश पुनर्स्थापन (Resettlement) को प्रकृया अगाडि बढाई कार्यान्वयनमा लैजानु एउटा उत्तम विकल्प हो । यसको लागि नेपाल सरकारले संयुक्त राष्ट्रसंघीय एजेन्सी र पहिला शरणार्थी लगेका अमेरिका, अष्ट्रेलिया, क्यानाडा, न्यूजीलैण्ड, डेनमार्क, नर्वे, बेलायत र नेदरल्याण्डसंग कूटनीतिक पहल गर्न उपयुक्त हुने देखिन्छ । तेस्रो देशमा पुनर्स्थापना हुन नसक्ने बाँकी शरणार्थीहरुको समस्या स्थायी रुपमा समाधान गर्ने विकल्पकासाथ कूटनीतिक प्रयास गर्दा यी Host Country हरुले पुनर्बासमा जान इच्छुक र योग्य शरणार्थीलाई आफ्नो देशमा पुनर्स्थापना गराउन राजी हुनसक्ने अपेक्षा गर्न सकिन्छ ।

तेस्रो देशमा पुनर्स्थापना गर्न अनुरोध गरी माननीय गृहमन्त्रीज्यूलाई सम्बोधन गरी कार्यदल मार्फत निवेदन दिने भुटानी शरणार्थी परिचय-पत्र (Refugee ID Card) बाहक र तिनका एकाघरका परिवार तथा नाता सम्बन्धका शरणार्थीहरुले दिएका निवेदनहरुको लगत अनुसूची १० मा समाविष्ट गरिएको छ । यसरी तेस्रो देशमा पुनर्स्थापना गर्न निवेदन दिने बाहेक अन्यको हकमा स्वदेश फिर्ता र सो नभएसम्म परिच्छेद ३.२ को (iii) बमोजिम सुविधा उपभोग गर्न पाउने गरी Smart Refugee ID Card दिई शिविर बन्द गर्नु समस्याको दीर्घकालीन समाधान हुने देखिन्छ ।

## परिच्छेद -३
## सुझाव तथा निष्कर्ष

हाम्रो देशले विगत २९ वर्षदेखि भोगिरहेको भुटानी शरणार्थी समस्याको दीर्घकालीन समाधानको सम्भावित उपाय एवं विकल्पहरुको बारेमा प्रतिवेदनको परिच्छेद २.५ र २.६ मा विवेचना गरिएको छ। तेस्रो देशमा पुनर्स्थापना गराउने कार्य सन् २०१६ पश्चात् बन्द भएको र भुटान सरकारले एकजना शरणार्थी पनि फिर्ता लिने सम्भावना नदेखिएको वर्तमान परिप्रेक्ष्यमा सरकारको न्यून आर्थिक खर्चबाट भुटानी शरणार्थी समस्याको समाधान गर्नको लागि निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ।

**सुझावहरु**

### ३.१ अभिलेखको प्राप्ति र वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने :

UNHCR को दमक ईकाइ सन् २०२० देखि हट्ने तयारी भईरहेको जानकारी प्राप्त भएकोले उक्त ईकाइ हट्नुपूर्व नै भुटानी शरणार्थी सम्बन्धी नीतिगत तथा भौतिक कामकारबाही टुग्याउन आवश्यक देखिन्छ। यस सन्दर्भमा भुटानी शरणार्थी सम्बन्धी सम्पूर्ण अभिलेखहरु गृह मन्त्रालय अन्तर्गत शरणार्थी मामिला सम्बन्धी राष्ट्रिय समन्वय ईकाइ (NUCRA) ले लिई कम्प्युटर प्रणालीमा  अद्यावधिक गनुपर्ने आवश्यकता देखिएको।

### ३.२ शिक्षा, स्वास्थ्य, रोजगारी र भौतिक पूर्वाधारको व्यवस्थापन:

(i) विशेष सहयोग आवश्यक (PSN) पर्ने सूचिमा सूचिकृत अनुसूची ४ बमोजिमका १००० शरणार्थीहरुलाई हाल कायम रहेका पथरी र बेलडाँगी शिविरमध्ये कुनै एउटा शिविरमा एकतृत गरी न्यूनतम मापदण्डयुक्त बलियो र सुधारिएको आश्रयस्थल बनाउन केन्द्रबाट आर्थिक अनुदान सहयोग उपलब्ध गराउन उपयुक्त हुने।

(ii) PSN शरणार्थीहरुमा अभिभावकबिहिन बालबच्चा, दृष्टिबिहिन, दीर्घरोगी, एकल महिला, बृद्ध जस्ता शरणार्थीहरु रहेका हुँदा यिनीहरु सक्षम नहुँदासम्म जीविकोपार्जनको लागि मासिक रुपमा निश्चित रकम नेपाल सरकारबाट स्थानीय तह मार्फत नियमित रुपमा उपलब्ध गराउन छुट्टैविशेष निर्णय गर्न आवश्यक देखिएको।

(iii) शिविरमा बस्ने शरणार्थीहरुको शिक्षा र स्वास्थ्यमा आम नेपाली नागरिक सरहको पहुँच स्थापित गर्नुपर्ने र यसका लागि आवश्यक पर्ने थप भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापनमा दोहोरो नपर्नेगरी UNHCR र स्थानीय तहसंग समन्वय गरी सम्बन्धित स्थानीय तहलाई आवश्यक बजेट एवं दरबन्दीको निकासा केन्द्रबाट दिने व्यवस्था गर्नुपर्ने।

(iv) भुटानी शरणार्थीहरुलाई आत्मनिर्भर बनाउन उनीहरुको माग र क्षमताको आधारमा सीपमूलक तालीमहरुको प्याकेज बनाई UNHCR लगायत अन्य इच्छुक संघ संस्थासंग समन्वय गरी Intensive सीपमूलक तालीम दिने व्यवस्था मिलाउन आवश्यक देखिएको।

### ३.३. बाँकी रहेका भुटानी शरणार्थीहरुको भावी योजना :

परिच्छेद २.३ मा विवेचना गरिएअनुसार शरणार्थीहरुको वैज्ञानिक अभिलेख बनाउने, PSN सूचिकृतलाई विशेष सहयोग उपलब्ध गराउने, यी शरणार्थीहरुको शिक्षा, स्वास्थ्य, रोजगार र भौतिक पूर्वाधारको लागि बजेट व्यवस्थापन गर्ने, स्वदेश फर्काउने, तेस्रो देशमा पुनर्वास गराउने र बाँकीलाई स्वनिर्भर बनाउने कार्ययोजना बनाई कार्यन्यवनमा ल्याउनु  आवश्यक देखिन्छ।

### ३.४. विगतमा नेपाल र भुटानको Joint verification Team ले verification गरेका Documents

हालसम्म १,१३,३०७ जना भुटानी शरणार्थी तेस्रो देशमा पुनर्स्थापना भैसकेको र खुदुनाबारी शिविर पनि बन्द भैसकेकोले Joint Verification Team को अधुरो कागजातहरुको कुनै महत्व देखिदैन । तैपनि एकपटक कूटनीतिक मर्यादाको दृष्टिकोणले भुटान सरकारको प्रतिनिधि बोलाई कोठा खुलाउने र नआएमा UNHCR, स्थानीय नगरपालिका, पार्टी प्रतिनिधिसहितको रोहभरमा मुचुल्का गरी कोठा खोली कागजपत्र हेर्न आवश्यक छ । भाडामा रहेको कार्यालयको कोठा अनन्तकालसम्म बन्द गरिरहन पनि मिल्दैन ।

### ३.५. भुटानी शरणार्थीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक वैकल्पिक उपायहरु:

पच्छिेद २.५ मा उल्लेखित स्वदेश फिर्ता वा तेस्रो देशमा पुनस्थापना वा नेपालमै बसोबास गर्ने सम्बन्धमा स्वदेश फिर्तालाई पहिलो विकल्प, तेस्रो देशमा पुनस्थापनालाई दोस्रो विकल्प र स्वनिर्भर भई नेपालमै बस्ने व्यवस्थालाई अन्तिम विकल्पको रुपमा मिलाउनु उपयुक्त देखिएको ।

### ३.६. भुटानी शरणार्थी शिविरमा दर्ता भै पुनस्थापना हुन बाँकी र दर्ता छुट भएका शरणार्थीहरुको लगतको आधारमा निजहरुलाई भुटान फिर्ता गर्न सकिने वा नसकिने, तेस्रो देशमा पुनर्वासमा पठाउन सकिने वा नसकिने:

#### ३.६.१ भुटानी शरणार्थीहरुलाई स-सम्मान स्वदेश फिर्ता गर्ने विषय:

दर्ता भई पुनर्स्थापना हुन बाँकी अनुसूचि १,२,३ बमोजिमका शरणार्थीहरु र दर्ता छुट भएको भनी निवेदन दिने अनुसूची ९ बमोजिमका निवेदकहरुमध्ये दर्ता हुन जाने शरणार्थीहरुलाई भुटान फिर्ता गर्न सकिने अवस्था भुटान सरकारको नीतिको कारण सम्भव देखिदैन । तरपनि नेपालमा बाँकी रहन जाने भुटानी शरणार्थीहरुलाई अन्ततः स-सम्मान भुटान नै फिर्ता गर्नका लागि नेपाल सरकारले आवश्यकता अनुसार द्विपक्षीय, बहुपक्षीय कूटनीतिक पहल गरिरहनपर्ने आवश्यकता र औचित्य रहेको देखिन्छ । भुटानी शरणार्थीहरु लगिसकेका मुलुकहरु र संयुक्त राष्ट्रसंघीय एजेन्सीहरुले सानो संख्यामा बाँकी रहेका भुटानी शरणार्थीहरुलाई नेपालमै समावेशीकरण (Local Integration) गर्न भनिरहेका छन् । तर नेपालको भू-राजनीतिक अवस्था र आर्थिक, प्राकृतिक सामर्थ्यको दृष्टिकोणले कुनैपनि शरणार्थीहरुलाई समावेशीकरणको नाममा नागरिकता दिन उपयुक्त नहुने देखिन्छ ।

#### ३.६.२ तेस्रो देशमा पुनस्थापना गराउने विषय :

भुटान सरकारले एकजना शरणार्थीलाई पनि फिर्ता नलगेको र लैजाने कुनैपनि लक्षण नदेखाएको हुँदा दर्ता हुन छुट भएका भनी निवेदन दिने अनुसूचि ७ र ९ बमोजिमका शरणार्थीहरुको दर्ताको विषय टुंगो लगाईसकेपछि कायम हुनआउने कूल शरणार्थीहरुलाई पहिलाजस्तै पुनर्स्थापना गराउन ती देशहरुसंग सरकारले दीर्घकालीन समाधानको योजना सहित कूटनीतिक पहल गरी समाधानमा जानु सबै कोणबाट सर्वोत्तम देखिन्छ । २०१६ पश्चात् तेस्रो देशमा पुनर्स्थापना गराउने कार्यक्रम बन्द भैसकेको भएपनि अन्तिम लटको रुपमा पुनः पुनर्स्थापना गराउन राजी गराउनका लागि नेपाल सरकारको विशेष पहल र सक्रियताको आवश्यकता रहेको देखिन आउँछ

#### ३.६.३ नेपालमै बसोबास गर्ने अवस्थाका बाँकी शरणार्थीहरुको लागि गर्नुपर्ने नीतिगत व्यवस्था :

तेस्रो देशले अन्तिम लटका रुपमा भुटानी शरणार्थीहरुलाई स्वीकार गर्न राजी भएको अवस्था सृजना भएपनि सबै शरणार्थीहरु जाने अवस्था देखिदैन । बाँकी रहने शरणार्थीहरुमध्ये कतिपय शरणार्थीहरु जान चाहेर पनि Host Country ले अस्वीकार गरेकाहरु छन्, कतिपय शरणार्थीहरु भुटान नै फिर्ता हुने चाहानामा शिविरमै बसिरहेका छन्भने कतिपय शरणार्थीहरु नेपालमै बसी बाँकी जीवन व्यतीत गर्न चाहिरहेको देखिन्छ । यस किसिमबाट बाँकी रहने शरणार्थीहरुलाई स-सम्मान भुटान फिर्ता नहुन्जेलसम्म नेपालमै आत्मनिर्भर भई बस्नको निम्ति प्रतिवेदनको २.५ (ग) मा उल्लिखित सुविधा दिने नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन आउँछ ।

उपर्युक्त ३.१ र ३.२ बमोजिम भुटान फिर्ता र तेस्रो देशमा पुनर्स्थापना गर्न नसकी बाँकी रहन जाने भुटानी शरणार्थीहरुलाई आत्मनिर्भर भई जिविकोपार्जन गर्ने अवस्था सृजना गर्दै शरणार्थी शिविर नै बन्द गर्नुपर्ने समय आईसकेको छ । नेपाल सरकारले निरर्थक रुपमा शरणार्थीका नाममा राज्यकोषबाट बजेट खर्च गर्नुको कुनै औचित्य देखिदैन ।

**३.२ बमोजिमको सुझाव कार्यन्वयन गर्ने क्रममा नीतिगत निर्णय गर्दा देहायबमोजिमको नीतिगत व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।**

(i) यस प्रतिवेदनको अनुसूचिमा उल्लिखित छुट दर्ता गर्नका लागि दिएका आवेदनहरुलाई अन्तिम आवेदनहरु मानी छुट दर्ताको विषयलाई टुंगो लगाई यो अध्यायलाई सदाको लागि बन्द गर्नुपर्ने ।

(ii) बुँदा न.(i) अनुसार दर्ताको विषय टुंगो लगाउनासाथ दर्ता हुनजाने सबै भुटानी शरणार्थीहरुलाई आवधिक Smart Bhutanese Refugee Identity Card उपलब्ध गराउने र त्यसको वैज्ञानिक अखिलेखन प्रणाली बनाउनुपर्ने ।

(iii) बुँदा न.(ii) बमोजिमको आवधिक Identity Card प्राप्त भुटानी शरणार्थीहरुले निम्नानुसारका सुविधाहरु प्रयोग गर्न पाउने नीतिगत निर्णय नेपाल सरकारबाट हुनुपर्ने ।

(क) सन्ततिहरुको जन्मदर्ताको छुट्टै अभिलेख राखी परिचय-पत्रको व्यवस्था,
(ख) सवारी चालक अनुमति-पत्र लिनसक्ने सुविधा,
(ग) बैंकिङ्ग कारोबार गर्ने सुविधा,
(घ) शरणार्थी कल्याणसंग सम्बन्धित संघ संस्था खोल्ने सुविधा,
(ङ) व्यापार व्यवसाय गर्ने सुविधा,
(च) जग्गा-जमीन, भवन अनुबन्ध (Lease) मा लिनसक्ने सुविधा,
(छ) विदेश आवागमनको लागि यात्रा अनुमति-पत्र पाउनसक्ने सुविधा,
(ज) बिजुली, खानेपानी, शिक्षा, स्वास्थ्य, संचार आदिको उपभोग गर्ने सुविधा ।

(v) विशेष सहयोग आवश्यक भएका शरणार्थीहरु बाहेक अन्य बाँकी शरणार्थीहरुलाई Smart Bhutanese Refugee Identity Card उपलब्ध गराएपछि निश्चित समयावधि तोकी शिविर खाली गराउने र खाली भएको जग्गालाई प्रचलित कानूनबमोजिम सम्बन्धित सरकारी निकायलाई संरक्षणको लागि हस्तान्तरण गर्ने ।

(x) झापा, मोरङ्ग लगायत अन्य जिल्लमा रहेका प्रयोगविहिन खेतीयोग्य सरकारी पर्ती जग्गामा सामूहिक खेती गर्न प्रेरित गर्दै जमीन Lease मा उपलब्ध गराउन जनप्रतिनिधिबाट आएको सुझाव मनन्योग्य देखिएकोले यस विषयलाई समेत नीतिगत निर्णय हुँदा सम्बोधन गर्न उचित देखिएको ।

(xi) PSN सूचिकृत शरणार्थी र तिनको हेरचाह गर्ने व्यक्ति बाहेक अन्य कुनैपनि अवस्थाका व्यक्तिहरु शरणार्थीको नाममा शिविरमा बस्नै नपाउने प्रभावकारी नियन्त्रणात्मक प्रणाली बनाई कार्यान्यनमा ल्याउन आवश्यक देखिएको ।

## निष्कर्ष

नेपालमा प्रवेश गरेका भुटानी शरणार्थीहरुको व्यवस्थापन गर्ने सन्दर्भमा विश्व समुदाय र संयुक्त राष्ट्रसंघीय एजेन्सी UNHCR, WFP, IOM जस्ता संस्थाहरुको ज्यादै ठूलो योगदान रहेको छ । ९० प्रतिशत भन्दा बढी नै भुटानी शरणार्थीहरु तेस्रो देशमा पुनर्स्थापन भईसकेकोले बाँकी रहेका भुटानी शरणार्थीहरुको समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्न नेपालको कर्तव्य जस्तै हुन आएको छ । प्रतिवेदनको खण्ड खण्डमा विवेचना गरिएबमोजिम तेस्रो देशमा पुनर्स्थापन गर्न पुन: प्रयत्न गर्ने र बाँकी रहने शरणार्थीरुलाई आत्मनिर्भर बनाई श्रमबजारमा छोडिदिन उपयुक्त हुने देखिन्छ । नेपालको भू-राजनीतिक अवस्था र आर्थिक, प्राकृतिक सामर्थ्यको कमी र भावी सम्भावित परिणामलाई मध्यनजर गर्दा भुटानी शरणार्थीहरुलाई नेपाली नागरिकता दिन उचित नहुने देखिन्छ ।

छुट दर्ता भएको भन्दै बारम्बार शरणार्थी दर्ता गर्नका लागि निवेदन दिने प्रवृत्तिले यो समस्यालई बल्झाईरहने हुँदा अब उप्रान्त दर्ता प्रक्रिया मात्र नभई शिविरको धारणा र अस्तित्वलाई नै हटाउन आवश्यक देखिन्छ । सूचिकृत PSN शरणार्थीहरुलाई मात्र अपवादको रुपमा सुझाववमोजिम यथोचित सहयोग उपलब्ध गराउने मानवीयताका हिसावले आवश्यक देखिन्छ । शरणार्थी सम्बन्धी सम्पूर्ण विवरणको एकीकृत अभिलेखन तथा अनुगमन प्रणालीलाई वैज्ञानिक रुपमा स्थापना गर्न र अपरिवर्तनीय नीति र मापदण्डको निर्धारण हुन अत्यावश्यक देखिन्छ । यस्तो प्रणालीले छिद्रहरुलई बन्द गर्ने र क्रमश: शरणार्थीहरुको संख्या पनि घट्दै गई समस्याको अन्त्य हुनेछ ।